५ग. <u>बैठक भत्ताः</u> समितिका सदस्यहरुले बैठकमा भाग लिए वापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछन् ।"

७. <u>**मूल आदशको दफा ६ मा संशोधनः**</u> मूल आदेशको दफा ६ मा रहेका "सबै पत्र व्यवहार तथा समितिको निर्णयहरू सचिवले प्रमाणित गर्नेछन्" भन्ने शब्दहरूको सट्टा "सबै पत्र व्यवहार कार्यकारी निर्देशक वा निजले तोकेको समितिका अधिकृतस्तरका कर्मचारीले प्रमाणित गर्नेछन्" भन्ने शब्दहरू राखिएका छन्।

८. <u>**मूल आदेशको दफा ८ मा संशोधनः**</u> मूल आदेशको दफा ८ मा रहेका "कानून तथा न्याय " भन्ने शब्दहरू झिकिएका छन् ।

**आज्ञाले,**
**माधव पौडेल**
**नेपाल सरकारको सचिव**

## नेपाल सरकार
### अर्थ मन्त्रालयको
### सूचना–१

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी मिसन अस्पताल, पाल्पाको लागि British Medical Association, UK बाट उपहार स्वरुप प्रदान गरिने GBP १,९१७.४६ (एक हजार नौ सय सत्र, सेन्ट छयालीस) मूल्य बराबरको Medical Text Books, CDs, DVDs आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना–२

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी शारिरिक रुपले अपाङ्ग भएका सिरहा जिल्ला, लाहान-६ का श्री पवन कुमार मण्डल, अर्घाखाँची जिल्ला, सन्धिखर्क-८ का श्री निरेन्द्र रायमाझी, गोरखा जिल्ला, नरेश्वर-३ का श्री लवकुमार भट्ट र ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका-६ का श्री स्वरुप सिंह वस्नेतले खरिद गरी ल्याउने चार थान चार पाङ्ग्रे स्कुटर आयातमा अन्तःशुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना–३

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी वि.पि. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर चितवनले फ्रान्स र सिंगापुरबाट देहाय वमोजिमका स्वास्थ्य सामाग्रीहरु खरिद गरी आयात गर्दा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

| क्र.सं. | सामानको विवरण | मूल्य |
|---|---|---|
| १. | Reagents for Pentax XL 80 | Euro5,448.00 |
| २. | Spare Parts for Pentax XL 80 | Euro8,854.40 |
| ३. | Spare Parts for CT Pratioco<br>Varian X-ray Tube | US$79,200.00 |

## सूचना–४

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी जनमैत्री अस्पताल नयाँवजार, काठमाडौंको लागि NGO



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Italy बाट नि:शुल्क रुपमा प्रदान गरिने अमेरिकी डलर ८,८९९.०४ (आठ हजार आठ सय उनान्सय, सेन्ट चार) मूल्य बराबरको पोशाक, टोपी, ब्याज लगायतका सामान आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी अन्य महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना–८

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी हिमालयन स्वास्थ्य सेवा नेपाल, जावलाखेल, ललितपुरको लागि Direct Relief International, California, USA बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ४,१०१.४३ (चार हजार एक सय एक, सेन्ट त्रीचालिस) र ULCO Medical, Australia बाट अस्ट्रेलियन डलर ८,०००.०० (आठ हजार) मूल्य बराबरको स्वास्थ्य सामाग्रीहरु आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
भेषराज शर्मा
सह–सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।–
गो.हु.द.नं. १६।०६२।६३

अधिकारिकर्ता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Ubiquitous Blood Purification International Headquarters, Japan बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ५,०००.०० (पाँच हजार) मूल्य बराबरको Blood Purification Machine One Set आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी अन्य महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना–५

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल रेडक्रस सोसाइटी, भृकुटीमण्डप, काठमाडौंको लागि लक्जमवर्ग रेडक्रसबाट उपहार स्वरुप प्रदान गरिने यूरो २,९७२.०० (दुई हजार नौ सय बहत्तर) मूल्य बराबरका Proficool Primus Recirculating Chiller आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना–६

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी टीम अस्पताल, डडेल्धुरा र चौरजहारी अस्पताल, रुकुमको लागि DHM, Germany बाट उपहार स्वरुप प्रदान गरिने यूरो २१,६९५.२० ( एक्काईस हजार छ सय पन्चान्नव्वे, सेन्ट बीस) मूल्य बराबरको स्वास्थ्य उपकरणहरु आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी अन्य महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना–७

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी संयुक्त राष्ट्र संघीय मिसनहरुमा नेपाल प्रहरीको तर्फबाट खटिई जाने प्रहरी कर्मचारीहरुको लागि United Nation Laxistus Base Bridisi,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित भएपछि मात्र लागु हुनेछ।